


# मिडिया काउन्सिलले गरेको कार्य प्रगति

मधेश प्रदेश सरकारले २०७७ असार १३ गते सञ्चार ऐन पारित र ०७७ भदौ ३ गतेमा प्रदेश प्रमुखले प्रमाणिकरण गरियो। सञ्चार ऐन अन्तरगत मिडिया काउन्सिललाई कार्यान्वयनमा ल्याउनका लागि मन्त्रीपरिषद्ले सोको अध्यक्षमा शिवहरि प्रसाद भट्राईलाई २०७७ माघ २९ गते नियुक्त गरियो। २०७७ चैत्र अन्तिममा सदस्यहरु पनि नियुक्त भयो र बैशाखमा मिडिया काउन्सिलको कार्यालय सञ्चालनमा आयो। यसबीच कोरोनाले मधेश प्रदेश लगायत देशमै हाहाकार मचाएको थियो।

**कार्यालय सञ्चालन भएतापनि एकजना प्रशासकीय प्रमुख बाहेक कोही पनि थिएन। उहाँपनि तीनवटा कार्यालय सम्हाल्नु हुन्थ्यो।**

**१. सञ्चारकर्मीहरुलाई मास्क र सेनिटाइजर वितरण**

कोरोनाको बेलामा सबभन्दा जोखिममा पत्रकार नै हुनुहुन्थ्यो। धेरै पत्रकारलाई पनि कोरोना लागेको विभिन्न जिल्लाबाट सूचना प्राप्त भयो र मिडिया काउन्सिलले स्वास्थ्य सामाग्री वितरण गर्ने निर्णय गरियो। तर त्यतिबेला जनशक्तिको अभाव थियो। मिडिया काउन्सिल अध्यक्ष शिवहरि प्रसाद भट्टराई र आमसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवले मधेश प्रदेशका आठवटै जिल्लामा गएर नेपाल पत्रकार महासंघको शाखाहरुसँग समन्वय गरी र केही मिडिया हाउसमा मास्क, सेनिटाइर लगायतको सामाग्री वितरण गर्ने कार्य गरियो।

**२. मिडियाहरुको अभिलेखीकरण**

मिडिया काउन्सिलले कोभिड-१९ को प्रभाव कम हुन थालेपछि प्रदेश भित्र रहेको मिडिया हाउसहरुमा अनुगमन गरेका छन्। पत्रपत्रिका, एफएम, टेलिभिजन कार्यालयमै पुगेर सोको अवस्था, समस्या र चुनौतीको बारेमा छलफल गर्नुका साथै प्रदेश भित्र रहेको वर्गीकृत पत्रपत्रिकाहरुको अभिलेख र नियमित रुपमा प्रशासरित एफ.एम. तथा टेलिभिजनहरुलाई अभिलेखीकरण गर्ने कार्य गरियो।

**३ तीनवटा कार्यविधि निर्माण**

मधेश प्रदेश भित्र रहेको सञ्चारगृह तथा सञ्चारकर्मीहरुको क्षेत्रमा कार्यका लागि कार्य विधि निर्माण आवश्यक भएकोले **वर्गीकरण सम्परीक्षण मापदण्ड**, **पत्रकार कल्याण कोष**, **लेखनवृति र पुरस्कार तथा सम्मान** कार्यविधि निर्माण गरेको छ।

वर्गीकरण सम्परीक्षण मापदण्ड कार्यविधि, पत्रकार कल्याणकोष र लेखनवृति कार्यविधि निर्माण भई गृह तथा सञ्चारमन्त्रालयमा समेत पठाई सकेको छ।

४. *आचारसंहिता मस्यौदा निर्माण*

प्रदेश सञ्चार ऐन अन्तरगत मिडिया काउन्सिललाई प्रेस स्वतन्त्रताको दुरुपयोग हुन नदिन पत्रकारिता सम्बन्धी आचारसंहिता बनाउने भने अनुसार मिडिया काउन्सिलले प्रेस काउन्सिल नेपालले जारी गरेको पत्रकार आचासंहितालाई प्रदेशका आठवटै जिल्लाका नेपाल पत्रकार महासंघ शाखाका पत्रकारहरुसँग छलफल गरी **'पत्रकार तथा सञ्चारमाध्यम आचासंहिता मधेश प्रदेश २०७९'** ल्याइएको छ।

**५. 'सञ्चारमाध्यम र पत्रकार आचारसंहिता निर्माण' तीनवटा गोष्ठी**

**१.** धनुषा, महोत्तरी र सर्लाहीका पत्रकारहरुलाई महोत्तरीको बर्दिवासमा बोलाएर 'सञ्चारमाध्यम र पत्रकार आचारसंहिता निर्माण' सुझाव संकलन गोष्ठी गरियो।

**२.** बारा, पर्सा र रौतहटका पत्रकारहरुलाई वीरगञ्जमा बोलाएर 'सञ्चारमाध्यम र पत्रकार आचारसंहिता निर्माण' सुझाव संकलन गोष्ठी,

**३.** सिरहा र सप्तरीका पत्रकारहरुलाई राजविराजमा बोलाए 'सञ्चारमाध्यम र पत्रकार आचारसंहिता निर्माण' सुझाव संकलन गोष्ठी गरियो।

सो गोष्ठीमा पत्रकारहरुबाट आएको सुझावहरुलाई 'पत्रकार तथा संचारमाध्यम आचासंहिता मधेश प्रदेश २०७९' ल्याइयो।

**६ लोककल्याणकारी विज्ञापन सिफारिस**
मधेश प्रदेशभित्र सञ्चारगृहलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराउने उद्देश्यले सञ्चारगृहहरुलाई सूचना प्रकाशन गरी आवेदन माँग गरियो । आएको आवेदनको आधारमा सञ्चार गृहहरुलाई विज्ञापन उपलब्ध गराई दिनका लागि आमसंचार प्राधिकरणलाई सिफारिस गर्ने कार्य गरियो ।

**७ सूचनाको हक सम्बन्धी गोष्ठी**
सूचनाको हकलाई लोकतन्त्र प्रबर्द्धनको अनिवार्य शर्तको रुपमा लिइन्छ । नागरिकलाई राज्य संयन्त्रको प्रकृयामा सहभागी गराउन उनीहरुलाई सो प्रकृयाको बारेमा आवश्यक जानकारी आवश्यक देखियो । नेपालको संविधनाको २०७२ को धारा २७ ले "प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ" भनी उल्लेख गरेको छ ।
मिडिया काउन्सिलले पत्रकारहरुलाई सूचनाको हक बारेमा सरोकारवालाहरुलाई राखेर जनकपुरधाममा अन्तरक्रिया गोष्ठी गरियो । सो गोष्ठी आठवटै जिल्लाका पत्रकारहरु, धनुषाका प्रमुख जिल्ला अधिकारी, सरकारी कार्यालयका प्रमुखहरु, सुरक्षा प्रमुख तथा सम्बन्धित निकायलाई राखेर सूचनाको हक सम्बन्धी एक दिने गोष्ठी गरियो ।

**८ सञ्चारमाध्यमको विकासका लागि सुझाव संकलन गोष्ठी**
मिडिया काउन्सिलले मधेस प्रदेश भित्रका सञ्चारमाध्यमहरु तथा कार्यरत श्रमजिवी सञ्चारकर्मीहरुको हकहित, वृति विकास तथा अनुगमन, आचार संहिताआदि नियमन गर्न प्रदेशका आठवटै जिल्लामा कार्यरत सञ्चारकर्मीहरुसंग विचार विमर्श, राय संकलन, गोष्ठी जनकपुरधाम र सर्लाहीको मलंगवामा गरियो ।

**९.पत्रकार, सञ्चार माध्यमको अवस्था र आचार संहिता पुस्तक वितरण कार्यक्रम**

मिडिया काउन्सिलले आफ्नै कार्यालयमा धनुषाका पत्रकारहरुलाई बोलाएर **पत्रकार, सञ्चार माध्यमको अवस्था र आचार संहिता पुस्तक वितरण कार्यक्रम** गरियो ।

**१० वार्षिक बुलेटिन सार्वजनिकीकरण**
मिडिया काउन्सिलले वार्षिक बुलेटिन प्रकाशन गरेको छ । बुलेटिनमा वरिष्ठ पत्रकारदेखि लिएर युवा पत्रकारहरुको लेख रचनाहरु समावेश गरिएको छ । पुस्तकमा मधेशमा सञ्चार माध्यमको चुनौती, स्थानीय तह र पत्रकारिता : समन्वयको खाँचो, सूचनाको हक र सरोकारवालाको दायित्व, अनलाइन मिडियामा देखिने विकृतिहरु, पत्रकारितामा आचारसंहिता, कोरोना प्रभावित मिडियाको दु:ख र समाधान, ग्रामिण पत्रकारिता:आवश्यकता र चुनौती लगायत २५ वटा लेखहरु रहेको र सबै लेखरचना उपयोगी रहेको छ ।

**११ सञ्चारमाध्यमहरुको तथ्यांक संकलन तथा अवस्था अध्ययन**

मधेश प्रदेशमा रहेको सञ्चारमाध्यमको तथ्याक संकलन कार्यका लागि जिल्ला प्रशासन कार्यालयहरुमा पत्रचार गरी त्यहाबाट हालसम्म दर्ता भएको सञ्चारमाध्यमहरुको तथ्यांक संकलन कार्य गरियो ।

**१२ आचारसंहिता पुस्तक हस्तान्तरण तथा निर्देशन**

मिडिया काउन्सिलले तयार गरेको पत्रकार तथा सञ्चारमाधयम आचारसंहिता मधेश प्रदेश २०७९ लाई सप्तरी, रौतहट, महोत्तरी, सिरहा, सर्लाहीको नेपाल पत्रकार महासंघ शाखाहरु तथा सञ्चारमाध्यमहरुलाई पुस्तक हस्तान्तरण गर्दै आचारसंहिता पालना गर्न र गराउन निर्देशन दिइयो ।

## महोत्तरीको विभिन्न सञ्चारमाध्यमहरुमा अनुगमन गर्दा आएको समस्या, समाधानका उपाय र अपेक्षाहरु

## मुख्य समस्याहरु

- मिडियाहरुमा समावेसी समानुपातिक अनुसार विज्ञापन नआउनु
- जातिय मिडिया वा कमिशनको भरमा विज्ञापन जानु
- राजनीति दलका व्यक्तिहरुद्वारा मिडिया सञ्चालनमा आउँदा आचार संहिताको खुल्लोआम उल्लंघन हुनु
- अर्को समाचारलाई अर्काले खण्डन गर्नु
- नभएका पत्रकारहरु पनि मिडियाको कार्ड झुण्डाएर धाकधम्की देखाउनु
- पत्रकार पत्रकारबीच अन्तरद्वन्द वा समन्वय नभएको कारण राजनीति दल तथा जनप्रतिनिधिहरुले त्यसको बढी फाइदा लिनु
- स्थानीय र मधेश सरकार स्थानीय मिडियाप्रति उदासिन देख्नु

**समाधानका उपायहरु**

- मिडिया हाउस मिडियाकर्मीद्वारा सञ्चालित हुनुपर्छ ।
- स्थानीय निकाय स्थानीय मिडियाहरुलाई विज्ञापन उपलब्ध गराउनुपर्छ
- प्रदेश सरकारले समानुपातिक अनुसार विज्ञापन उपलब्ध गराउनुपर्छ
- विज्ञापनमा जातियकरण र कमिशनको खेलबेला अन्य गरिनुपर्छ
- जनप्रतिनिधिहरुलाई मिडियामैत्री बन्नुपर्छ ।
- मिडिया हाउस र पत्रकार निष्पक्ष र निस्वार्थ बन्नुपर्छ ।

**काउन्सिलबाट अपेक्षा**

- मधेश प्रदेशका आठवटै जिल्लाका पत्रकार महासंघलाई जीवन्त र गरिमालाई बढाउन भूमिका खेल्नुपर्छ ।
- मधेश प्रदेश सरकारबाट समानुपातिक अनुसार प्रत्येक जिल्लाबाट प्रकाशित/प्रसारित मिडियाहरुलाई विज्ञापन उपलब्ध गराउनुपर्छ ।
- राजनीति दलद्वारा प्रकाशित/प्रसारित मिडियालाई निरुत्साहित गर्नुपर्ने भूमिका निर्वाह गरिदिनुपर्छ ।
- पत्रकारहरुलाई बेलाबेलमा तालिमको व्यवस्था गरिदिनुपर्छ ।
- नातावाद/कृपावादको अन्त्य र राम्रो कार्य गर्ने मिडिया वा पत्रकारलाई पुरस्कारको व्यवस्था गरिदिनुपर्छ ।
- मधेश प्रदेश सरकारको छुट्टै लोकल्याणकारी विज्ञापन बनाई सो वापत रकमको व्यवस्थापन गरिदिनुपर्छ ।

**पत्रपत्रिकामा देखिएका समस्याहरु :**

१) पत्रिकाहरुलाई पत्रिका मुद्रण गर्नका लागि आवश्यक रकम समेत नभई केहि पत्रपत्रिकाहरु बन्द भई सकेका छन भने केही पत्रपत्रिकाहरु बन्द हुने अवस्थामा रहेको छ ।

२) पत्रपत्रिकाहरुमा सरकारी विज्ञापन पनि अतिनै न्यून रहेको छ ।

३) पत्रपत्रिकाहरुमा स्कुल कलेज केही विज्ञापनहरु मात्र प्रकाशित हुने गरेको छ ।

४) त्यसै गरी पत्रिकाहरुमा शुभकामना विज्ञापनहरु पनि बेलाबखतमा प्रकाशन हुने गरेको छ ।

५) पत्रिकाहरुमा मधेश प्रदेश सरकारबाट विज्ञापन प्राप्त भई रहेको छैन ।

६) पत्रपत्रिकाहरुलाई स्थानिय निकायबाट विज्ञापन केही मात्रामा आउने गरेको छ तर त्यस्ता विज्ञापनहरु पहुच र कमिशनको आधारमा मात्र दिन गरिएको छ ।

७) संघीय सरकारबाट पनि लोककल्याणकारी विज्ञापन वाहेक अन्य विज्ञापनहरु पत्रपत्रिकाहरुले पाउने गरेको छैन् ।

८) पत्रिकाहरुमा निकै न्युन कर्मचारी र पत्रकारहरु रहेका छन । कम कर्मचारी र पत्रकारका कारण पत्रिकाको गुणस्तरीयता पनि कमजोर छ ।

९) पत्रपत्रिकाहरु वितरण अवस्था कमजोर छ ।

१०) पत्रिकाहरु थोरै संख्यामा छापने गरिएको छ ।

**एफ.एम.रेडियोका समस्याहरु :**

१) एफ.एम.रेडियोहरुको आर्थिक अवस्था निकै कमजोर छ ।

२) एफ.एम.रेडियोहरुमा विज्ञापनको मुल श्रोत स्थानिय बजार रहेको छ ।

३) अधिकांश एफ.एम.रेडियोहरुमा स्थानिय सरकार, प्रदेश सरकार र संघिय सरकारबाट प्राप्त हुने विज्ञापन न्युन छ । तर अधिकांश एफ.एम.रेडियोहरुमा प्रदेश सरकार र संघिय सरकारको लोककल्याणकारी विज्ञापन आउने गरेको छ ।

४) स्थानिय सरकार र प्रदेश सरकारले कमिशन, पार्टीगत आस्था र पहुचको आधारमा मात्र विज्ञापन दिने गरेको आरोप छ ।

५) अधिकांश एफ.एम.रेडियोहरुमा कर्मचारीको संख्या निकै न्युन छ र चार जनादेखि सात जना कर्मचारीहरु कार्यरत रहेको देखियो ।

६) मिर्चि एफ.एम.आर्थिक अभावको कारणले हाल बन्द अवस्थामा छ ।

७) अधिकांश एफ.एम.रेडियोहरुमा मनोरंजनात्मक कार्यक्रमहरु बढी मात्रामा संचालन गरेको पाईयो । तर मनोरंजनात्मक कार्यक्रमहरु वाहेक सामाचार र अन्तरवार्ता पनि त्यहाका एफ.एम.हरुले प्रशारण गरिरहेका छन् ।

८) एफ.एम.का सञ्चलकहरु मध्ये केही राजनितिक दलका नेताहरु पनि रहेको छ।

**छलफलको आधारमा देखिएका समस्या सावाधानका उपायहरु :**

१) एफ.एम.रेडियो सहितका सञ्चार माध्यमहरुलाई विधुत महसुल छुट दिनुपर्छ ।

२) सञ्चार माध्यमहरुलाई स्थानिय सरकार, प्रदेश सरकार र संघिय सरकारले नियमित रुपमा लोककल्याणकारी विज्ञापन दिनु पर्छ र लोककल्याणकारी विज्ञापनको रकम बढाईनु पर्छ ।

३) सञ्चार माध्यमहरुलाई स्थानिय सरकार, प्रदेश सरकार र संघिय सरकारले लोककल्याणकारी विज्ञापन वाहेक अन्य विज्ञापनहरु समानुपातिक एवं एकद्वार प्रणालीबाट वितरण गरिनुपर्छ ।

३) जर्जर अवस्थामा रहेका सञ्चार माध्यमहरुलाई विशेष राहत प्याकेजको व्यवस्था गर्नुपर्छ ।

४) एफ.एम.रेडियोहरुका लागि विशेष सहयोग प्याकेज बनाइ स्वेच्छिक मर्जर निति ल्याउनु पर्छ ।

५) स्थानिय सरकार र प्रदेश सरकारको विज्ञापनको अधिकांश हिसाव काठमाडौंबाट सञ्चालित जाने गरेकोले सो विज्ञापनहरुलाई पुर्ण रुपमा स्थानिय स्तरमा वितरण गर्नुपर्छ ।

५) विज्ञापनमा लिइने कमिशन एक प्रकारको घुस रहेको ले दण्डनिय बनाईनु पर्छ ।

६) पत्रपत्रिका र एफ.एम.रेडियोहरुको श्रेणी विभाजन गरी विज्ञापनहरुको दर निर्धारण गरिनु पर्छ ।

७) पत्रकारहरुलाई पत्रकारिता सम्बन्धि विभिन्न तालिमहरु समय समयमा दिइनु पर्छ ।

८) उपकरण खरिदका लागि सहुलियत दरका ऋण र अनुदानको व्यवस्था गरिनु पर्छ ।

९) सुचनाको पहुचलाई सहज बनाइनु पर्छ ।

## सर्लाहीमा सञ्चार माध्यमको विकासका लागि सुझाव संकलन गोष्ठीमा आएका सुझावहरु

**सुझावहरु**

१.संचार माध्यममा विभेद सामुदायिक र व्यवसासिक बीच हुनुपर्छ
२.झोले पत्रकारिताको नियन्त्रण गर्नुपर्छ
३.लोक कल्याणकारी विज्ञापन समानुपातिक किसिमले बाँडफाँड गर्नुपर्छ
४.उपकरण खरीदमा सहुलियत दरमा ऋण उपलब्ध गराउनु पर्छ ।
५. मिडिया विकास कोषको स्थापना गर्नुपर्छ ।
५.उपकरण विमा हुनुपर्छ ।
६.सञ्चार माध्यमहरुका लागि ऋण उपलब्धताको व्यवस्था गर्नुपर्छ ।
७. समानुपातिक तरिकाले विज्ञापन वितरण गर्नका लागि पहल गर्नुपर्छ
८. विभिन्न पालिकाहरुका विज्ञापनमा लिने गरेको कमिशन हटाउनु पर्छ ।
९. योग्यताको आधारमा तलव तलव उपलब्ध गराउनुपर्छ ।
१०. मिडिया संचालनमा उद्योग र व्यापारी पहुँचलाई कम पर्छ ।
११.सुझाव संकलन हुन्छ, कार्यान्वयन हुदैन
१२.लोक कल्याणकारी सिन्डिकेट हटनु पर्यो
१३.स्थानीय तहहरुले समानुपातिक दिनुपर्यो
१४.नेपाल पत्रकार महासंघ मार्फत विज्ञापन उपलब्ध गराउनु पर्‍यो ।

१५.पत्रिका प्रकाशन कठिन हुँदै गएको छ
१६.अनलाइन सहज छ
१७.समाचार माध्यमको सूचिकरण हुनु पर्यो
१८.सञ्चार तथा सञ्चारकर्मीहरुको विमा गराउनु पर्छ
१९.रेडियोकर्मीलाई तालिमको व्यवस्था गरिदिनु पर्‍यो ।
२०.समय समयमा अनुगमन हुनुपर्‍यो ।
२१.सामाग्री खरीदका लागि आर्थिक सहयोग वा शुन्य ब्याजदरमा ऋण उपलब्ध गराउनु पर्‍यो ।
२२. सुझाव संकलनलाई डस्टविन नफाल्नु होला ।
२३. समाचार माध्यमको वर्गीकरण समयमा हुनपर्‍यो ।
२४.नविकरण, दर्ता प्रक्रिया झन्झटिलो हुनु भएन ।
२५. दर्ता खारेज भएका एफ.एम. बन्द गर्नु पर्यो
२६.पुरस्कारको व्यवस्था हुनुपर्‍यो ।
२७. प्रेस पासको दुरुपयोग रोकियोस्
२८. पत्रकारहरुको भौतिक सुरक्षा हुनुपर्‍यो ।
२९. पार्टीको झण्डा बोक्नेमाथि कारवाही प्रक्रिया ल्याएर कारवाही गर्नुपर्‍यो ।
३०. विज्ञापनको न्यूनतम दर रेट कायम गर्नुपर्‍यो ।

**रौतहटका सञ्चारकर्मी र सञ्चारमाध्यमहरुको अनुगमान गर्दा आएका समस्या र चुनौतीहरु**

१ प्रदेश सरकारबाट विज्ञापन नपाएको

२. स्थानीय सरकारले पहुँचको आधारमा विज्ञापन दिने गरेको र कमिशनलाई पहिलो प्राथमिकतामा राख्ने गरेको

३.स्थानीय तहमा पहुँचको आधारमा र ६० प्रतिशतसम्म कमिशन दिएमा विज्ञापन दिने गरेको

४ प्रदेशभित्रको सञ्चारमाध्यमहरु बन्द हुने अवस्थामा पुगेको

५ मधेश प्रदेश सरकारबाट सञ्चारको विकास तथा पत्रकारको सुरक्षा, अधिकार तथा विकास प्रति गम्भीर हुनपर्ने

६ पत्रकारिता पेशालाई मर्यादित स्वच्छ बनाउन पत्रकारहरुका लागि तयार पारिएको पत्रकार आचारसंहिताको पालना गराउनुपर्ने

**धनुषाका पत्रकारहरु र सञ्चारमाध्यमहरुबाट आएका सुझावहरु**

१ मिडिया कोषको स्थापना

२ समानुपातिक विज्ञापन प्रणाली

३ प्रदेश सरकारको विज्ञापन आठ वटै जिल्लामा समानुपातिक रुपमा वितरण गर्नु पर्ने

४ लोककल्याणकारी विज्ञापनको समानुपातिक वितरण

५ सञ्चार माध्यम तथा सञ्चारकर्मीहरुको उपकरण/सवारी साधान खरीदमा अनुदान/कर माफीको व्यवस्था

६ जिल्लाका विज्ञापन जिल्लाकै सञ्चार माध्यमलाई

७ छाडा अनलाईलाई नियन्त्रण तथा नियमन

८ प्रदेशमा पत्रकारिता विश्वविद्यालय स्थापना

९ सञ्चारकर्मीहरुलाई नियमित क्षमता अभिवृधि तालिमको व्यवस्था

१० सञ्चार माध्यमहरुको नियमित अनुगमन तथा पत्रकार आचार संहिताको कडाईका साथ कार्यान्वयन

११ अवलोकन,अध्ययन र थकाई मेटाउन अवलोकन भ्रमणको व्यवस्था

१२ अनलाईन,टेलिभिजन,एफएम रेडियोहरुलाई पनि लोककल्याणकारी विज्ञापनको व्यवस्था

१३ सञ्चार माध्यमहरुलाई निरव्याजी ऋणको व्यवस्था

१४ प्रदेश भित्रका सञ्चार माध्यमहरुको मधेस मिडिया काउन्सिलबाटै वर्गिकरणको व्यवस्था

१५ सञ्चारकर्मीहरुको स्वास्थ्य विमाको व्यवस्था

१६ सञ्चार माध्यम र सञ्चारकर्मीहरुको एकिकृत तथ्यांक संकलनको व्यवस्था

१७ अति जोखिममा रहेका सञ्चार माध्यमहरुलाई अनुदान र सहयोग

१८ सञ्चारकर्मीहरुको न्युनतम पारिश्रमिकको ग्यारेन्टी